०६७-४३०१०२
फोन नं.: ०६७-४३०१०३
०६७-४३०१०४

# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानीगाउँ, पर्वत
## गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७७/७८
च.नं.: १२९

मिति : २०७८/०२/१३

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
सिंहदरवार काठमाडौं, नेपाल

विषयः **कोरोना खोप सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस नगरपालिका क्षेत्रभित्र कोरोना भाईरसको सङ्क्रमण दिन प्रतिदिन तिव्र गतिमा रुपमा फैलिईरहेको, समूदाय तह सम्म संक्रमण फैलिएको कारण ४ जनाको समते ज्यान गएको, सक्रिय संक्रमितको संख्या १०५ रहेको कारण नगरवासीहरु आक्रान्त भईरहेका अवस्था छ । नगरपालिकाले नियमित रुपमा मोवाइल मेडिकल टिम मार्फत संक्रमण फैलिएको क्षेत्रको घर घरमा पुगी चेकजांच, परिक्षण, उपचार र औषधी वितरण गर्दै आएको छ । नगर अस्पतालमा दैनिक एन्टीजिन परिक्षण, साप्ताहिक रुपमा पि. सी. आर. परिक्षण गरी संक्रमण देखिएको व्यक्तिलाई नगर अस्पतालमा उपचार गरिएको र थप उपचार गर्न आवश्यक देखिएका संक्रमितलाई सुविधा सम्पन्न अस्पताहरुमा पठाइएको छ | नगरपालिका भित्र कोरोना रोकथामका लागि गरिएका निरोधात्मक प्रबन्धहरुले मात्र हालको कोभिडको जोखिम न्यूनिकरण प्रायः असमंभव देखिन्छ ।

हाल नगर क्षेत्रमा कोभिड विरुद्दको खोप नलगाएका अधिकांस व्यक्तिहरुलाइ संक्रमण देखिएको, संक्रमित संख्या तिव्र गतिमा बढिरहेको, नगरवासीहरुद्धारा अत्याधिक रुपमा खोपको माग गरिरहेको तथा कोभिड १९ को रोकथाम र नियन्त्रणको उत्तम विकल्प खोप नै भएको विश्वव्यापी प्रयासहरुबाट देखिएको सन्दर्भमा नगर कार्यपालिकाको मिति २०७८ जेठ १२ गते बसेको बैठकको निर्णयानुसार तँहा मन्त्रालयसँग कोभिड विरुद्दको खोप नगरको हालको जनसंख्यालाई पुग्ने गरी माग गर्ने निर्णय भएको हुँदा खोपको प्रबन्ध गरिदिनुहुन कार्यपालिकाको निर्णय सहित तँहा पठाइएको व्यहोरा अनुरोध छ।

यदि तँहा मन्त्रालयबाट समयमा नै खोप उपलव्ध गराउन नसकिने अवस्था भएमा यस नगरपालिकाले आफ्नै स्रोतको प्रबन्ध र परिचालन मार्फत नेपाल सरकारले तोकेको मापदण्ड अनुसार खोप खरिद गरी नागरिकहरुलाई खोप लगाउने कार्य गर्नका लागि अनुमति दिनुहुन अनुरोध गर्दछु।

पदमपाणी शर्मा
नगर प्रमुख

**इमेल** : phalewashnagarpalika@gmail.com **वेबसाइट:** http://www.phalewasmun.gov.np